स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILYराष्ट्रिय दैनिक



अभिनेत्रीहरु करिअरको सुरुवाती समयमा आमाको रोल गर्न हम्मेसी चाहँदैनन् । यो रोल गरेपछि सहायक भूमिकामा सीमित हुनुपर्छ, हिरोइन भएर काम गर्न पाइँदैन भन्ने भय धेरैलाई हुन्छ । तर, अभिनेत्री वर्षा राउत यो मामलामा अलग देखिन्छिन् । उनले दोस्रो फिल्म 'छक्का पञ्जा'मा नै आमाको भूमिका निभाएकी थिइन् । 'जात्रा' श्रृंखलामा त दुई सन्तानकी आमा भइसकेकी छन् ।

**आजको विचार...**



ध्रुव सिम्खडा

आजको... (दुई पेजमा)

दक्षिण भारतीय अभिनेता अल्लु अर्जुन अभिनीत फिल्म 'पुष्पा २: द रुल' लाई लिएर फ्यानहरुको उत्साह उत्कर्षमा छ । हालै बिहारको पटनामा फिल्मको ट्रेलर सार्वजनिक गरिएको थियो । ट्रेलरले भ्युजको हिसाबले धेरै रेकर्ड तोडेको छ । यो देखेर'पुष्पा २' बक्स अफिसमा ठुलो हिट साबित हुने अनुमान गरिएको छ । यति मात्र होइन, फिल्मले प्रि-रिलिज बिजनेसबाटै एक हजार करोड भारु कमाएको जानकारी पनि आएको छ । यो कुरामा कति सत्यता छ भन्ने कुरा पनि पुष्पा अर्थात् अल्लुले नै खुलासा गरेका छन् ।



❒ वर्ष ३० ❒ अंक ११८ ❒ २०८१ मंसिर ६ गते बिहीबार 21 November 2024, Thursday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-


# पाल्पामा अवैध रुपमा उत्खनन् गर्ने चार खानी उद्योगसहित १८ जना विरुद्ध मुद्दा

**रामचन्द्र रायमाझी**

**पाल्पा,** मंसिर ५/गैरकानुनी रूपमा राष्ट्रिय वन क्षेत्र अतिक्रमण गरी चुनढुंगा खानी उत्खनन् गरेको कसुरमा पाल्पामा सञ्चालित चार खानी उद्योगसहित १८ जनाविरुद्ध जिल्ला अदालत पाल्पामा मुद्दा दायर भएको छ । चुनढुङ्गा उत्खनन्का लागि स्वीकृत पाएको क्षेत्र मिचेर राष्ट्रिय वन क्षेत्र अतिक्रमण गरी चुनढुङ्गा उत्खनन् गरेको कसुरमा डिभिजन वन कार्यालय पाल्पाले बिगो मागदाबीसहित अदालतमा मुद्दा दायर गरेको हो ।

वन कार्यालयले सिद्धार्थ मिनिरल्स, विएस सिमेन्ट, कञ्चन क्वारिज, पाल्पा सिमेन्ट प्रालि र उनका सञ्चालकसहित १८ जनाविरुद्ध ६ करोड १९ लाख ८ हजार एक सय ६९ रुपैयाँ बिगो मागदाबीसहित अदालतमा मुद्दा दायर गरेको छ । यी कम्पनीले चुनढुङ्गा उत्खनन्का लागि स्वीकृत पाएको क्षेत्र मिचेर राष्ट्रिय वन क्षेत्र अतिक्रमण गरी चुनढुङ्गा उत्खनन् गरेको भन्दै अदालतमा मुद्दा दायर भएको जिल्ला अदालत पाल्पाका तहसिलदार/सूचना अधिकारी रामप्रसाद पोखरेलले जानकारी दिए । उनका अनुसार वन कार्यालयले १३ चैत्र २०८० मा कञ्चन क्वारिज प्रालि, ४ पुस २०८० मा विएस सिमेन्ट प्रालि, ७ कार्तिक २०८१ मा पाल्पा सिमेन्ट प्रालि र २९ कार्तिक २०८१ मा सिद्धार्थ मिनिरल्स प्रालि विरुद्ध मुद्दा दायर गरेको हो । मुद्दामा चार खानी उद्योगसहित १८ जनालाई प्रतिवादी बनाइएको छ । सिद्धार्थ मिनिरल्स प्रालिले तिनाउ गाउँपालिका -३, स्थित श्रीडाँडाबाट स्वीकृत पाएको भन्दा बढी वन क्षेत्र अतिक्रमण गरेको वन कार्यालयको दावी छ । कम्पनीले राष्ट्रिय वन क्षेत्र मिचेर चुनढुङ्गा उत्खनन् गरेको, सडक बनाएको र अबैध डम्पिङ् गरेको भन्दै वनले अदालतमा मुद्दा दायर गरेको हो । जसमा कम्पनी, कम्पनीका सञ्चालक एवं नेपाल उद्योग वाणिज्य महासंघका पूर्वअध्यक्ष पशुपति मुरारकासहित ५ जनाविरुद्ध ३९ लाख ६३ हजार ८ सय ५२ रुपैयाँ बिगो मागदाबीसहित अदालतमा मुद्दा दायर भएको छ । तहसिलदार पोखरेलका अनुसार पशुपति मुरारका, मनोज कुमार कानोडिया, राजेश कुमार अग्रवाल, जगदीश अग्रवाल र विनोद कुमार श्रेष्ठलाई प्रतिवादी बनाइएको छ ।

यस्तै, माथागढी गाउँपालिका-५ मा सञ्चालित विएस सिमेन्ट प्रालिले स्वीकृति पाएको भन्दा बढी उत्खनन् गरी वन क्षेत्रमा हानी नोक्सानी गरेको भन्दै मुद्दा दर्ता भएको छ । जसमा कम्पनी र ४ जना विरुद्ध ४ करोड १५ लाख ६९ हजार ७ सय ६७ रुपैयाँ बिगोसहित मुद्दा दायर भएको हो । कम्पनीका मनोज कुमार कानोडिया, सविता कानोडिया, जगदीश अग्रवाल, राजेश कुमार अग्रवाललाई प्रतिवादी बनाइएको छ । माथागढी-७, रहबासस्थित पाल्पा सिमेन्ट प्रालिले पनि स्वीकृति पाएको क्षेत्रभन्दा बढी उत्खनन् गरेकाले मुद्दा दायर गरिएको छ । उसले झण्डै चार हेक्टर बढी वन क्षेत्र अतिक्रमण गरी अबैध उत्खनन् गरेको पाइएको हो । वनले कम्पनीसहित चारजनाविरुद्ध ६८ लाख २७ हजार ६ सय २२ रुपैयाँ बिगोमागसहित मुद्दा दायर गरेको छ । जसमा कम्पनीका श्रवणकुमार अग्रवाल, राजेश कुमार अग्रवाल, विष्णुकुमार अग्रवाल र विनोद कुमार श्रेष्ठलाई प्रतिवादी बनाइएको छ । यस्तै तिनाउ गाउँपालिकास्थित कञ्चन क्वारिज प्रालिले पनि अबैध उत्खनन् गरेको भन्दै बनले मुद्दा दायर गरेको हो । उसले कम्पनीसहित पाँच जनाविरुद्ध ७८ लाख ३६ हजार ९ सय २८ रुपैयाँ बिगोमागसहित मुद्दा दायर गरेको छ । जसमा कम्पनीका गोपाल प्रसाद भट्टराई, भिमबहादुर थापा क्षेत्री, रतन कुमार गोयल, आकाश कुमार अग्रवाल र महाविरप्रसाद गोयललाई प्रतिवादी बनाइएको छ । प्रतिवादी बनाइएको केही व्यक्तिहरुलाई थुनछेक बहस गराई थप प्रक्रिया अगाडि बढाइएको जिल्ला अदालतका सूचना अधिकारी पोखरेलले बताए । चारैवटा कम्पनीले स्वीकृत पाएको क्षेत्र मिचेर राष्ट्रिय वन क्षेत्र अतिक्रमण गरी चुनढुङ्गा उत्खनन् गरेकाले मुद्दा दायर गरिएको डिभिजन वन कार्यालय पाल्पाका सूचना अधिकृत एवं बरिष्ठ वन अधिकृत खिलबहादुर तामाङले जानकारी दिए । जिल्लामा खानी तथा क्रसर व्यवसायीले जथाभावी उत्खनन गर्दा नदीखोला, धार्मिक स्थल र शैक्षिक संस्था पनि प्रभावित भएका छन् । अनियन्त्रित र अव्यवस्थित खानी सञ्चालनको असर बस्तीसम्म पुगेको छ ।





कसलाई कति बिगो ?

| क्रमश | कम्पनीको नाम | बिगो रकम |
|---|---|---|
| १ | सिद्धार्थ मिनिरल्स प्रालि | ३९ लाख ६३ हजार ८ सय ५२ |
| २ | विएस सिमेन्ट प्रालि | ४ करोड १५ लाख ६९ हजार ७ सय ६७ |
| ३ | पाल्पा सिमेन्ट प्रालि | ६८ लाख २७ हजार ६ सय २२ |
| ४ | कञ्चन क्वारिज प्रालि | ७८ लाख ३६ हजार ९ सय २८ |

## संक्षिप्त समाचार


### आक्रमण : २४ घन्टामा २० जनाको मृत्यु

**(रासस/एएफपी)**

**पेशावर,** मंसिर ५/उत्तर-पश्चिम पाकिस्तानमा भएको एक आत्मघाती आक्रमणमा १२ सैनिकको मृत्यु भएको सैन्य निकायले बुधबार बताएको छ । यो अफगानिस्तान सीमा क्षेत्रमा भएको अर्को झडपमा आठ जनाको मृत्यु भएपछिको घटना हो ।

आत्मघाती विस्फोट मंगलबार भएको थियो र यसमा 'मातृभूमिका १२ बहादुर छोरा' को मृत्यु भएको सेनाले एक विज्ञप्तिमा जनाएको छ । पहाडी खैबर पख्तुनख्वा प्रान्तको बन्नुमा आत्मघाती आक्रमण हुनुअघि उनीहरू र सैनिकहरूबीच भएको गोली हानाहानमा छ आतंककारीको मृत्यु भएको सेनाले जनाएको छ । 'चौकीमा प्रवेश गर्ने प्रयासलाई आफ्नै सेनाले प्रभावकारी रूपमा विफल बनायो, जसले (उग्रवादीहरूलाई) विस्फोटक भरिएको सवारी साधन चौकीको परिधि पर्खालमा ठोक्काउन बाध्य पार्‍यो', विज्ञप्तिमा उल्लेख छ । पाकिस्तानी तालिबान हाफिज गुलबहादुर सशस्त्र समूहले आक्रमणको जिम्मेवारी लिएको छ । पाकिस्तानका राष्ट्रपति आसिफ अली जर्दारीले एक बयानमा 'आफ्नो दुःख' र 'आतंगवादको अभिशापलाई पूर्ण रूपमा उन्मूलन गर्ने आफ्नो संकल्प' व्यक्त गरे । गृहमन्त्री मोहसिन नकवीले आक्रमणको निन्दा गरे ।

## विश्व दर्शनशास्त्र दिवस मनाइँदै





**पाल्पा,** मंसिर ५/आज विश्व दर्शनशास्त्र दिवस विभिन्न सचेतनामूलक कार्यक्रम गरी मनाइँदै छ ।

दर्शन र यसको अर्थ, औचित्य र महत्वबोध गर्ने/गराउने ध्येयले लेखिएका दर्शनसम्बन्धि विश्लेषण र संश्लेषणले भरिएका दर्शन-दिग्दर्शनका ज्ञानहरुका शास्त्रहरुको उच्च मूल्याङ्कन, संरक्षण र संरक्षण गर्दै दर्शन र दर्शनशास्त्रको गरिमा र महिमा बोध गर्न-गराउनका लागि आजको दिन यो दिवस मनाउने गरिएको हो । आज ज्ञान, सिद्धान्त, विचार र दर्शनजस्ता महत्वपूर्ण कुराहरुको अवमूल्यन र उपेक्षा हुन गैरहेको र यीनको अध्ययन-अनुसन्धान, चिन्तन-मनन्, लेखन-प्रकाशन र प्रचार-प्रसार समेत घट्दै गइरहेको तथा यिनले मार्गदर्शन गरेका कुराहरुको कार्यान्वयनतर्फ पूर्ण अरुची बढिरहेको आजको यो स्थिति र सन्दर्भमा दर्शनशाश्त्र दिवस तोकिनु, मनाइनु, दर्शन र दर्शनशास्त्रको मर्म-महत्व बोध गर्नु/गराउनु र सो अनुसार जीवनदर्शन बनाई जीवन-व्यवहार सञ्चालन गर्नु अझ बढी जरुरी महत्वको कुरा भएको छ । वास्तवमा दर्शन भनेको ज्ञानको आँखा हो, ज्ञान भनेको जीवन सञ्चालन गर्ने, जीवन र जगतलाई सत्मार्गमा लगाउने अर्थात् सत्यम, शिवम, सुन्दरम्को प्रत्याभूति दिने आन्तरिक शक्ति र विज्ञान नै हो । यो नभए मान्छे बाँच्नुको अर्थ र औचित्य नै समाप्त हुन्छ । त्यसैले दर्शन र दर्शनसम्बन्धी ज्ञानले भरिएका शास्त्र-ठेलीको मूल्यमान्यता अत्यधिक हुने हुँदा यो दिवस मनाउनु निकै अर्थपूर्ण छ ।

## एउटै व्यक्तिले फलाए चार सय मुरी धान



**तम्घास (गुल्मी),** मंसिर ५/जिल्लाको धुर्कोट गाउँपालिका-६ रजस्थलका एउटै व्यक्तिले चार सय मुरी धान फलाएका छन् । स्थानीय मेघनाथ अर्यालले सो परिमाणमा धान फलाएका हुन् ।

एउटै व्यक्तिले यति धेरै धान फलाउने अर्याल जिल्लामै एक्लो व्यक्ति हुन् । हालसम्म उनले तीन सय मुरी धान खेतबाट उठाइसकेका छन् भने अझै सय मुरी उठाउन बाँकी छ । 'हालसम्म ७५ रोपनी क्षेत्रफलमा लगाएको तीन सय मुरी धान उठाएका छौं, अब २५ रोपनीको करिब सय मुरी उठाउन बाँकी छ, धान काटेर सुकाउन राखेको छु । अब थ्रेसर लगाएर धान र पराल छुट्याउन मात्रै बाँकी छ', अर्यालले भने । उनले सय रोपनीमध्ये ७२ रोपनी आफ्नो र २८ रोपनी भाडामा लिएर धानखेती गरेका हुन् । भाडामा लिएको जग्गाको वार्षिक प्रति रोपनी तीन हजारका दरले बुझाउँदै आएको अर्यालले बताए । यसरी उत्पादन गरिएको धानबाट चामल बनाउने र प्याकेजिङ गरेर बेच्ने उनको योजना छ ।

...बाँकी अन्तिम पेजमा

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## विश्व टेलिभिजन दिवसको सन्दर्भ

'विश्व टेलिभिजन दिवस' आज नेपालसहित विश्वभर विभिन्न कार्यक्रम गरी मनाइँदै छ । संयुक्त राष्ट्रसंघको महासभा बैठकको आह्वानमा प्रत्येक बर्षको २१ नोभेम्बरका दिन यो दिवस मनाउने गरिन्छ । सन् १९३० को दशकमा प्रशारण सुरु भएको टेलिभिजन प्रविधिलाई अहिले विश्वभरकै सशक्त सञ्चार माध्यमका रुपमा लिइन्छ । नेपालमा २०४१ साल माघ १७ गते नेपाल टेलिभिजन स्थापना भएको हो । नेपालमा अहिले करिब चार दर्जन बढी टेलिभिजन च्यानलहरु प्रसारणमा रहेका छन् । टेलिभिजन च्यानलहरुको स्थापनको संख्या मात्र होईन पछिल्लो समय सर्वसाधारणमा विश्वास समेत बढ्दै गएको छ । सन् १९५४ देखि रंगीन टेलिभिजनको विकास भई रंगीन दृश्य हेर्न सकिने अवस्था आएको थियो । नेपाल टेलिभिजनको स्थापना भएपछि नेपालमा यसले फूल्ने, फल्ने र मौलाउने मौका पायो । आज यो वरदानकै रुपमा विकास भएको छ ।

आर्थिक तथा सामाजिक विषयवस्तुलाई उठान गर्नसक्ने माध्यमका रुपमा टेलिभिजनलाई स्वीकार गरिएको छ । श्रव्यदृष्यका साथ सूचना, शिक्षा र मनोरञ्जन प्रदान गरेकै कारण छोटो समयमै टेलिभिजन सबैभन्दा प्रभावकारी माध्यमका रुपमा स्थापित भएको हो । विश्वव्यापीकरणसँगै आजको आमसञ्चार प्रविधिको विकासमा टेलिभिजन र टेलिभिजन पत्रकारिताको महत्वपूर्ण योगदान छ । वर्तमान सन्दर्भमा टेलिभिजन सेटको माध्यमबाट 'विश्व एक गाउँ'का रूपमा परिणत भएको छ । सूचना, समाचार, सार्वजनिक बहस एवं शिक्षाको अतिरिक्त मनोरञ्जनका दृष्टिकोणले टेलिभिजन जति प्रभावकारी साधन अर्को छैन । अहिले गाउँघरका कुना-कुनामा टेलिभिजनको पहुँच पुगेको छ । भू-उपग्रही, भू-सतही, स्याटलाइट तथा एचडी माध्यमबाट प्रसारण भइरहेकाले यसलाई सञ्चार क्षेत्रको विद्युतीय टेलिभिजन क्रान्ति भन्न सकिन्छ । तर पछिल्लो समय भने नेपाली टेलिभिजन पत्रकारिता चेपटामा परेको छ । खस्कदो विज्ञापन बजार र टेलिभिजन च्यानल अझै पनि संस्थागत हुन नसक्नुले टेलिभिजन समस्याको चपेटमा परेका हुन् । केही पूँजी जुटाएर टेलिभिजन खोल्ने तर त्यसको संस्थागत विकास गरेर कसरी व्यवसायिक बनाउने भन्ने योजना नभएकाले समस्या देखिएको छ । विज्ञापनको बजार बढाउने विषयमा पनि काम हुन सकेन । एकातिर बजारको अध्ययन नगरी च्यालनमात्रै खोल्ने होड र अर्को मिडिया उद्योगलाई राज्यले गरेको उपेक्षाका कारण टेलिभिजनको दूरावस्था आएको हो । सरकारले मिडिया उद्योगका लागि जे गर्नुपर्थ्यो त्यो गर्न नसक्नु विडम्वनाको कुरा हो । यसर्थ टेलिभिजनको संस्थागत विकास र विस्तारमा सरकार र सम्बन्धित निकायले ध्यान दिन सके मात्र हरेक वर्ष मनाइने दिवसले सार्थकता प्राप्त गर्दछ ।

## Opinion @ Social Network

जिन्दगी एउटा रङ्गमन्च हो,
जति राम्रो सङ्ग खेल खेल्न सक्यो उतिनै राम्रो हुँदै जान्छ ।
*(सुमन थापाको फेसबुक स्टाटस https://www.facebook.com/Suman.Thapa)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# आजको अव्यावहारिक राजनीति



**ध्रुव सिम्खडा**

*अहिले हामी लोकतान्त्रिक गणतन्त्रको अभ्यास गरिरहेका छौं । स्वरूपमा हामीले संघीय लोकतान्त्रिक गणतन्त्र पाएका छौं । राजनीतिक दलहरू वा निर्वाचित प्रतिनिधिहरूको हातमा मुलुकको शासनसत्ता रहेको छ । यस्तो अवस्थामा पनि राजनीति थप भ्रष्ट र अव्यावहारिक बन्दै जानु दुःखद् हो । राजनीतिमा सेवाभाव मरेको छ, यसलाई कमाइखाने भाँडोमा रूपान्तरण गरिएको छ ।*

आम सर्वसाधारण अन्यमनस्क स्थितिमा छन् । कसलाई पत्याउने ? कसलाई नपत्याउने ? कुन समाचार ठीक ? कुन बेठीक ? कुन नेता/पार्टी ठीक ? कुन बेठीक ? खुट्याउन सरल छैन आजको राजनीति । ढाँट, छलकपट र भ्रमैभ्रमको बीचमा सही र गलत राजनीतिकर्मीलाई पर्गेल्नुपर्ने चुनौती सर्वसाधारणलाई छ आज । राजनीति जति व्यावहारिक भयो उति सरल पनि बन्छ । यसलाई जस्तो बनायो त्यस्तै बनिदिन्छ । सरल बनाउन खोजे सरल बन्छ जटिल बनाउन खोजे जटिल । इमान र निष्ठाको जनकेन्द्रित राजनीति गर्नेहरूले राजनीतिलाई सहज र सरल बनाउँछन् जस्तो तिनको जीवनशैली हुन्छ । तर अहिले राजनीति यति खराब र अव्यावहारिक बनेको छ कि यसको बयान गरी साध्यै छैन ।

**हाम्रो राजनीति किन यति धेरै अव्यावहारिक बन्दैछ त ?**

यसका कारण छन् र सुल्झाउने तरिकाहरू पनि । तर हाम्रा राजनीतिज्ञहरूको ध्यान त्यसतर्फ गइरहेको छैन । राजनीतिमा लागेका नयाँ/पुराना सबैको ध्यान सिंहदरबारदेखि वडाका पद हत्याउन केन्द्रित भएका छन् । अर्थात् सिद्धान्त मरेको छ, पदमोहको जगजगी बढेको छ । हरेकलाई पद चाहिएको छ । पद विनाको राजनीति आजका नेपालीलाई राजनीति नै हो भन्ने लाग्दैन । हारोस् कि जितोस्, जनताको सेवा गरेको होस् कि जनतालाई छक्याउने र आफ्नै दुनो मात्र सोझ्याउने काम गरेको किन नहोस् सबैलाई जसरी नि टिकट चाहिएको छ, पदमा पुग्ने जिजीविषा पलाएको छ । यसले राजनीतिलाई अव्यावहारिक मात्र बनाउँदैन कलुषित र भ्रष्ट पनि बनाउँछ । जनसेवाको लागि कल्पना गरिएको र अभ्यास हुँदै आएको राजनीतिलाई वैश्य युगले खर्लप्पै पारेको छ । पैसाको बिटो नबोकी आज नेपालमा कुनै पनि दलका कुनै पनि नेता वा स्वतन्त्र भनी मतदातामाझ स्वाङ पारिरहेका कोही पनि चुनावी मैदानमा जान सक्ने स्थिति छैन । पैसा नै पदमा पुग्ने सहारा बनेको छ । पैसा भयो भने जस्ताले पनि पार्टीको टिकट पाउने र चुनाव उठ्न सक्ने परिस्थिति जुन बनेको छ यो लोकतन्त्रका लागि घातकसिद्ध हुँदैछ । हामीले चाहेको र अपनाएको लोकतान्त्रिक राजनीतिका केही मूलभूत विशेषताहरू छन् । पदमा रहेर राजनीति गर्नेले हुन् कि पदबाहिर रहेर यसप्रति शुभेच्छा राख्नेहरूले हुन् प्रथमतः राजनीतिक संस्कार भुल्नुहुँदैन । अहिले राजनीतिक संस्कार शून्यतर्फ ओरालो लाग्दैछ । राजनीतिबाट सेवा र संस्कार भन्ने मूल तत्व हराएको छ । राजनीति पद, प्रतिष्ठा र पैसाको लागि विना लगानीको उर्वर उद्योगमा परिणत भएको छ ।

**राजनीति किन अव्यावहारिक बन्छ ?**

**संस्थाहरूको क्षयीकरण :** जब कुनै पनि मुलुकमा स्थापित लोकतान्त्रिक संस्थाहरूमा ह्रास आउँछ तब राजनीति अव्यावहारिक बन्ने क्रम शुरू हुन्छ । राजनीतिक दल भन्नुस् कि सरकार यसमा संलग्नहरूले लोकतान्त्रिक संस्थाहरूको साख गिराउनाले नै राजनीति भ्रष्ट बन्न पुग्छ । संसद् भन्नुस् कि अदालत अर्थात् अख्तियार भन्नुस् कि निर्वाचन आयोग वा महालेखा परीक्षक सबैले स्वतन्त्र भएर काम गर्न सके मात्र लोकतन्त्रको गरिमा जोगिन्छ । जब यी संस्थाहरूले मुलुकको विद्यमान संविधान, ऐन, कानुनको बर्खिलाप कार्यकारीसित साँठगाँठ गर्न थाल्छन् लोकतान्त्रिक राजनीतिको अन्त्य अवश्यंभावी हुन्छ । अहिले हाम्रो मुलुकमा उल्लिखित संस्थाहरूले स्वतन्त्र रूपमा निर्णय गर्ने क्षमता राख्छन् त ? यी संस्थाहरू दलविशेष, कार्यकारीविशेष, नेताविशेषको मुख हेरेर आफ्नो फाइदा, बेफाइदाको हिसाबकिताब गरेर मात्र निर्णय गर्दैछन् । त्यसैले यहाँ लोकतान्त्रिक संस्थाहरू चाहे सरकारी हुन् कि नागरिक तहमा स्थापित भएका हुन् ती सबै कसै न कसैको कठपुतली बनेका छन् । अपराध र राजनीतिको गठजोड : जब राजनीतिमा अपराधको छायाँ पर्छ तब राजनीति भयाक्रान्त बन्न पुग्छ । २०५२ सालयता हाम्रो मुलुकको राजनीतिमा हिंसाको छायाँ मडारिन थाल्यो । चाहे त्यो विद्रोही माओवादी पक्षबाट होस् या राज्य सिर्जित प्रतिरोधात्मक हिंसाका वारदातहरू किन नहोस् । संविधानसभा एक र दुई, संविधानसभाबाट संविधान घोषणा पश्चात् सम्पन्न संघीय र प्रादेशिक सभाको निर्वाचनमा अपराध कर्ममा जोडिएकाहरूको प्रवेश र विजयसँगै आज 'राजनीति हो कि अपराध' हो भन्ने छुट्याउन नसकी सर्वसाधारणले अन्योलमा पर्नु परेको अवस्था छ । विभिन्न पेशामा लागेर राज्यलाई ठगेका र प्रशस्त कालो धन आर्जन गरेकाहरू पनि नेताका वरिपरि पुग्नु, निर्वाचनमा सहभागी हुनु, टिकट खरिद-बिक्रीको दुष्चक्रमा निर्वाचन प्रणाली मनी, मसल र मुस्तण्डेहरूको कब्जामा पुग्नु लोकतान्त्रिक गणतन्त्रको विशेषता जस्तै बन्न पुगेको छ । यदि अपराधको छायाँबाट राजनीतिलाई अलग राख्न नसक्ने हो भने लोकतान्त्रिक गणतन्त्रमा ग्रहण लाग्ने निश्चित छ ।

**व्यक्ति हिरो बन्ने होड :** लोकतान्त्रिक राजनीतिमा व्यक्तिहरू आउने जाने भइरहन्छ । राजनीतिक नेताहरूले एक आवधिक निर्वाचनपछि अर्को आवधिक निर्वाचनमा जनताबाट अनुमोदित हुनुपर्छ । त्यसो हुन नसके उनीहरूको राजनीतिक यात्र त्यहीं विराम लाग्न पुग्छ । त्यो ठाउँमा अर्कै व्यक्ति निर्वाचित भएर आउँछ र जनताको सेवा गर्छ । तर राज्यमा गठित संस्थाहरूले भने निरन्तर पारदर्शी बनेर जनताको सेवा गरिरहेका हुन्छन् । यदि त्यस्ता संस्थाहरूले निष्पक्ष काम गर्न सकेनन् भने बेथिति र भ्रष्टाचारले पूरै समाजलाई आहत बनाउँछ । लोकतान्त्रिक व्यवस्थाभित्रै विभिन्न चण्डमुण्डहरू जन्मिन्छन् । र, तिनले आफूलाई जनताका यावत् समस्याको रामवाण बताउँदै दोष जति अरूका थाप्लामा थोपरेर आफू हिरो बन्ने होडबाजी चल्छ । अहिले हाम्रो अवस्था यस्तै छ । यदि नेतृत्वले इमानदार भएर व्याप्त भ्रष्टाचार र बेथिति नियन्त्रण गर्न समयमा ध्यान दिएन भने रोमाञ्चक राजनीतिको मञ्चमा रमाइरहेकाहरूले सजिलै जनतालाई आफूतिर आकर्षित गर्न र आगामी निर्वाचनमा मतदाताको मन जित्न बेर छैन । त्यसैले अहिलेको समय भनेको लोकतान्त्रिक गणतन्त्रमा विश्वास गर्ने नेतृत्वले बेलैमा सचेत, सजग र इमानदार भएर प्रस्तुत हुनु हो । विगतका आफ्नै अराजनीतिक र अव्यावहारिक गतिविधिका कारण भ्रमित र दूषित बनेको राजनीतिक वातावरण सुधार्ने पहिलो कर्तव्य पनि राजनीतिक दल र तिनका नेतृत्वकै हो ।

**परिणाम :** ठूलो संख्यामा भ्रमित मास पैदा भएमा राजनीति अव्यावहारिक र जटिल बन्छ । त्यस्तो राजनीतिले लोकतान्त्रिक संस्कार र संस्था दुवैलाई हानि पुऱ्याउँछ । अन्त्यमा लोकतन्त्र नै मासिन सक्छ । अव्यावहारिक राजनीतिले कि त तानाशाह जन्माउँछ कि 'टेलिजेनिक हिरो'हरू । अनि तिनले समाजको समस्या पार लगाउनुको सट्टा पीडा थप्ने सिवाय केही गर्दैनन् । २०४८ सालको निर्वाचनका बखत विद्वान् लेखक सीके प्रसाईको एउटा गहन पुस्तक 'व्यावहारिक राजनीतिको प्रारम्भिक रूपरेखा' पढेको थिएँ । उक्त पुस्तकको थालनीमा लेखिएको छ- 'राजनीतिमा काम गर्ने हामी कार्यकर्ताहरूले एउटा ठूलो कठिनाइको सामना गर्नु परिरहेको छ र त्यो व्यावहारिक राजनीति बारेको साहित्यको ठूलो अभाव । यस अभावको अनुभव मलाई र मेरा कतिपय साथीहरूलाई हुँदै आएको हो ।' ३३ वर्षअघि सीके प्रसाई र उनका साथीहरूले गरेको व्यावहारिक राजनीति बारेको साहित्यको अभाव आज झनै बढेर गएको छ । अहिले चर्को राजनीतिक साहित्यको जमाना हो । यहाँ नम्र, विनयशील र इमानदार राजनीतिक साहित्य दुब्लाउँदै गइरहेछ । मिडियामा जताततै चर्काचर्का राजनीतिका कुरा बोल्ने र लेख्नेहरूको मात्र बजारमा भाउ छ । सरल, सौम्य र शिष्ट भाषामा बोलिएका र लेखिएका राजनीतिक यथार्थ झल्कने राजनीतिक साहित्यिक साहित्यप्रति धेरैलाई रुचि छैन । जब राजनीतिक साहित्य नै अव्यावहारिक राजनीतिको 'रेसिपी' पस्किरहेका छन् भने त्यहाँ व्यावहारिक राजनीतिको खोजी गर्नु भनेको मरुभूमिमा झरनाको चिसो पानी खोजे सरह हुन्छ ।

**राजनीतिलाई सरल बनाउने कि जटिल ?**

अँधेरा कोठाहरूमा रचिने कुटिल चालहरूको गाथा बनाउने कि सफेद, सरल र व्यावहारिक बनाउने कि भ्रष्ट र अव्यावहारिक ? कस्तो राजनीतिक भविष्य निर्माण गर्ने हो ? राजनीतिक क्षेत्रका प्रत्यक्ष र अप्रत्यक्ष सबै खेलाडीहरू सचेत हुनुपर्ने अवस्था टड्कारो छ ।

अहिले हामी लोकतान्त्रिक गणतन्त्रको अभ्यास गरिरहेका छौं । स्वरूपमा हामीले संघीय लोकतान्त्रिक गणतन्त्र पाएका छौं । राजनीतिक दलहरू वा निर्वाचित प्रतिनिधिहरूको हातमा मुलुकको शासनसत्ता रहेको छ । यस्तो अवस्थामा पनि राजनीति थप भ्रष्ट र अव्यावहारिक बन्दै जानु दुःखद् हो । राजनीतिमा सेवाभाव मरेको छ, यसलाई कमाइखाने भाँडोमा रूपान्तरण गरिएको छ । राजनीतिकर्मी, कर्मचारी र बिचौलियाहरूको त्रिकोणात्मक मिलीभगतमा मुलुकको ढुकुटी मनपर्दी गर्नेहरूको हालीमुहाली र दबदबाले समाज आक्रान्त बन्न पुगेको छ । किनकि, यी तीनैथरी तत्व संविधान, ऐन, कानुनको छिद्रबाट छिरेर बदमासी गर्न उद्यत रहेकोले सबैभन्दा पहिले संविधान र ऐन, कानुन विपरीत काम गर्ने जो-कोहीलाई कारबाहीको दायरामा ल्याउन सशक्त लोकतान्त्रिक संस्थाहरू अग्रसर हुनु आवश्यक छ । हाम्रो वर्तमान समस्या भ्रष्टाचार नियन्त्रण र सुशासन बहालीको हो न कि व्यवस्था परिवर्तन । तर सुशासन बहाली कसले गर्ने ? अहिले परिस्थिति 'बिरालोलाई घण्टी झुण्ड्याउने को ?' भन्ने कथाको जस्तो छ ।

***-अनलाइन खबर डटकम***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयूकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

**मेष** : शुभकार्यको चर्चा चल्नेछ । बित्तिय संस्थाबाट सहयोग पाईनेछ ।
**वृष** :आफूलाई कमजोर भएको अनुभूति हुनेछ, महत्वपूर्ण अवसर गुम्न सक्नसक्छ।
**मिथुन** :आज सामाजिक क्षेत्रमा सफलता मिल्नेछ । बैदेशिक कार्य अघि बढ्नेछ ।
**कर्कट** :सुन्दर पहिरनले ब्यक्तित्वमा निखारता ल्याउनेछ, नयाँ कार्य बन्नेछ ।
**सिंह**: जग्गाजमीनको कारोबार र शेयर बजारबाट राम्रो प्रतिफल मिल्नेछ ।
**कन्या** : अचल सम्पत्ती हात पर्ने योग छ । शुभ समाचार पनि सुन्न पाइएला ।
**तुला** :आफन्तको सहयोग प्राप्त हुनेछ । आफ्नो क्षेत्रमा प्रभूत्व जमाउन सकिनेछ ।
**बृश्चिक** :आज पढाइमा बाधा आउनेछ, यात्रामा सावधानी अपनाउनु पर्नेछ ।
**धनु** : साहित्यिक क्षेत्रमा रुची बढ्ने र धार्मिक यात्राको योग पनि छ ।
**मकर**: कार्य सम्पादनमा सहजता मिल्नेछ, सफल यात्रा पनि हुनेछ ।
**कुम्भ** : कष्टकर यात्रा गर्नुपर्ला वैदेशिक क्षेत्रको कार्य सहजै अघि बढ्नेछ ।
**मिन** : आँटेको र ताकेको कार्य पुरा होला, राज्यबाट मान सम्मान पाइनेछ ।




कथा — शशी खड्का

# सन्तान



त्रिशूली गङ्गा, वेत्र गङ्गा र रुद्र गङ्गाको त्रिवेणीको बीचमा समथर भूभाग माथितिर हरियो जङ्गलले शोभा दिएको अत्यन्तै सुरम्य ठाउँ बेत्रावती । जुन ठाउँ उत्तरगयाको नामले प्रसिद्ध छ । त्यस्तो मनमोहक र पवित्र स्थानमा पाँच ओटी छोरीपछि धार्मिक अनुष्ठान गरी जन्मिएको छोरो समृद्ध थियो । एसएलसी परीक्षा उत्तीर्ण भएकै दिन उसले आफूखुशी आफ्नी सहपाठी शिलालाई घरमा भित्र्यायो । बूढा भएका बाबुआमासँग एकवचन पनि नसोधी विवाह गरेकोमा उसका बुबाआमा साह्रै दुखी भए । आँगन पोलेर, लगनगाँठो कसी आफ्ना इष्टमित्रलाई बारीको पाटामा राखेर टपरीमा खसीको मासु र भातको भतेर खुवाई छोराको बिहे गरिदिने सपनामा कुठाराघात भएपछि छोरासँग मन दुखाए । केही समयपछि एउटा छोरोसँग पनि के चित्त दुखाउनु भनेर बल्लतल्ल मन के बुझाएका थिए छोराले गाउँमा नराखी सबैको सपनाको संसार काठमाडौं लगेर आफ्नी श्रीमती राख्ने मनशाय व्यक्त गरे । त्यसपछि भने बाबुआमा साँच्चिकै मर्माहत भएका थिए । आफू बुढाबुढी भइसकेकाले यस्तो नगर्न छोरालाई सुझाए । आफ्नो सेखपछि जहाँ गए पनि हुने बताए । तर समृद्धले टेरपुच्छर नलगाई श्रीमती र आफ्नो कपडाको झोला लिएर बाहिरियो । बुबाआमाले सन्तानको खुशी नै हाम्रो खुशी भन्दै पीडाको आँसुलाई आँखाको डीलमा नै रोकेर आशीर्वादको हात हल्लाए । समृद्ध शिलालाई लिएर काठमाडौं हिंड्यो । समृद्धले ठमेलमा आएर होटलमा काम गर्‍यो । शुरुशुरूमा उसलाई साह्रै गाह्रो भएको थियो । घरमा दूधभात ओकल्ने गरेर बसेको ऊ अरूको जुठा भाँडा त्यसमाथि ठसठस गन्हाउने रक्सीको गिलास माझ्नुपर्दा मरेतुल्य हुन्थ्यो । आफूले मन पराएर ल्याएकी श्रीमतीको हर इच्छा पूरा गर्न ऊ जस्तोसुकै दुःख पनि सहन तयार थियो ।

एक वर्षपछि शिलाले छोरी जन्माई । छोरी जन्मिएपछि समृद्ध छोरो र श्रीमानबाट बुबाको भूमिका निर्वाह गर्नुपर्ने स्थानमा पुगेको थियो । उसले साह्रै दुःख गर्‍यो तर छोरी र श्रीमतीलाई केही अभाव हुन दिएन । एक दिन एक जना ग्राहकले समृद्धलाई भने, "तिमी अठार-उन्नाइस वर्षको लक्काजवान पनि होटलमा भाँडा माझेर हुन्छ ? यसरी तिम्रो जिन्दगी कसरी बन्छ ?" समृद्ध ग्राहकको मुखमा हेरेको हेर्‍यै भयो । ग्राहकले फेरि भने, "मेरो गाडी बनाउने, गाडी धुने र राख्ने ग्यारेज छ । तिमी पनि मेरोमा काम गर्दै सिक्दै गरी स्वरोजगारी बन्न सक्छौ, के छ तिम्रो विचार ?" उसले चाहेको पनि त्यही नै थियो । त्यसैले उसले ग्राहकको ठेगाना माग्यो र पछि भेट्न आउने बतायो । केही दिनपछि ऊ ती मालिककहाँ पुगेर काम गर्दै सिक्न थाल्यो । करीब दुई वर्षपछि आफू दक्ष कारिगर भयो । मालिकसँग स्वीकृति लिएर आफैँ मोटर राख्ने मोटरघर (ग्यारेज) खोल्यो जहाँ कार धुने, बनाउने र आवश्यकता अनुसार राख्ने व्यवस्था पनि थियो । ऊ आफू स्वरोजगार बनेकोमा निकै खुशी थियो र यसको श्रेय आफ्नी श्रीमती शिला र छोरी समृद्धिलाई दिन्थ्यो । उसले बूढा भएका बुबाआमाले तारनतार घर आउन गरेको आग्रहलाई बेवास्ता गरी आफ्नो परिवारप्रति मात्र ध्यान केन्द्रित गरेको थियो । बूढा भएका बुबाले नातिनातिना खेलाउने इच्छा राख्दाराख्दै परलोक सुधार्न गए । उसले बूढी भएकी आमालाई कान्छी दिदीको जिम्मा लगाएर आफ्नो कर्तव्य भुलेर आफ्नो सांसारिक जीवन मग्नमस्त भयो । ठूली छोरी पाँच वर्षको भएपछि अर्की छोरी जन्मिई । उसले दुई छोरीको पालनपोषण राम्रोसँग गर्‍यो । तर उसको नजीकै उसको जस्तै व्यवसाय अरू पनि खुलेको र प्रतिस्पर्धा बढेकाले आम्दानी कम र खर्च बढी हुन थालेपछि परिवारको आवश्यकता पूरा गर्न हम्मेहम्मे पर्‍यो । अप्ठ्यारो परिस्थितिसँग झेल्न श्रीमतीसँग सल्लाह गर्‍यो र विदेश उड्यो । विदेश जानुअघि यति राम्रो परिवार छोडेर विदेश जाँदा घर लथालिङ्ग पो हुने हो कि भन्ने सोच आएकै हो । तर नियतिको अगाडि घुँडा टेक्न बाध्य भई मुटुलाई गाँठो पारेर कतारको उखरमाउलो गर्मीमा काम गर्न थाल्यो । रातिको समयमा पनि काम गरेर पैसा जम्मा गरी श्रीमतीलाई खर्च पठाउँथ्यो । दुई छोरी र श्रीमतीलाई राम्राराम्रा मोतीका माला, लुगा र चक्लेट पनि पठाउँथ्यो । ऊ दिनदिनै परिवारसँग कुरा गर्थ्यो । तर उसले भुसुक्कै बिर्सेको थियो आमालाई । आफ्नो ज्यानको बाजी लगाई आफूलाई जन्माउने विधवा आमालाई फोन गर्दैनथ्यो । एवम् रीतले दिन बिते वर्ष बिते । करीब सात वर्षको उखरमाउलो गर्मीलाई सहेर ऊ घर फर्किनका लागि श्रीमती र छोरीहरूलाई लुगा, चक्लेट र खेलौना किनेर पोको पारेको मात्र के थियो उसकी दिदीले फोन गरिन् र रुँदै भनिन्, "भाइ ! तिमीले जसका लागि आफ्ना आमाबुबाको मन दुखाएका थियौ, ऊ त दुई छोरी लिएर पोइल गइछे ।" ऊ छाँगाबाट खसे झैं भयो । आफूले टेकेको जमीन भासिएको महसूस गर्‍यो । दुई हातले मुख छोपेर धेरै बेरसम्म रोइरह्यो । श्रीमतीलाई बोलाएर सम्झाइबुझाइ गरी छोरीहरू सहित बेत्रावती गएर बस्ने योजना बनाई नेपाल फर्कियो । ठूली छोरी तेह्र वर्षकी र सानी छोरी आठ वर्षकी भइसकेका थिए । ऊ नेपाल फर्किएर आफू बसेको ठाउँमा आयो । उसलाई त्यो ठाउँमा बिरानो लाग्यो । छिमेकी ग्यारेज धनीसँग आफ्नो परिवारको विषयमा सोध्यो । उनीहरूले बताएअनुसार उसको ग्यारेज हुँदा सधैं कार धुन र कहिलेकाहीं कार राख्न आउने गुरुङ जसलाई शिलाले दाजु बनाएर भाइटिकाको दिनमा सप्तरङ्गी टीका लगाइदिएकी थिई, उसैसँग गइछे भन्ने पत्ता लगायो । ती गुरुङ पहिले पनि शिलासँग जिस्किने, घुम्न लैजाने, छोरीहरूलाई कपडा, खेलौना, चक्लेट आदि ल्याइदिन्थ्यो । समृद्ध टीका लगाएको दाजु भनेर शङ्का गर्दैनथ्यो र सधैं जेठानको व्यवहार गर्थ्यो । कोठामा हुने आवतजावतलाई सहज रूपमा स्वीकार्थ्यो । उसले यस्तो होला भन्ने सोचेको पनि थिएन । उसले छिमेकीले दिएको ठेगाना सबै ठाउँमा खोज्यो तर नभेटेपछि ऊ घरमा आमालाई भेटेर फेरि विदेश फर्क्यो । फेरि चार वर्ष विदेशको घाममा आफ्नो मन डढायो । अब त छोरीहरू ठूला भए छोरीहरू पनि बुबाको खोजी गर्छन् होला भन्ने उसले सोच्थ्यो । यति लामो समयसम्म आफ्नो सन्तान भेट्ने अभिलाषा पूरा हुन सकेको थिएन । उसकी आमाको मृत्युको खबरले ऊ नेपाल फर्कियो । आमाको काजक्रिया गरी छोरीहरूको खोजीमा लाग्यो । ठूली छोरी १७ र सानी १२ वर्षकी भएकी थिइन् । ऊ प्रत्येक दिन छोरीहरूका उमेर गनेर बस्थ्यो । उसले छोरीले पढ्ने कलेज पत्ता लगायो र एक दिन कलेजमा नै भेट्न गयो । छोरी समृद्धि यति राम्री भएकी रहिछे । हुन त आफ्नो सन्तान कसलाई राम्रो लाग्दैन र ? छोरी असाध्यै राम्री थिई । छोरीलाई भेट्न कलेजको प्रतीक्षालयमा बसेको थियो । छोरी परैबाट आएको देख्दा उसका आँखा सजल भए । मुटु गाँठो पर्‍यो तर बर्साउन सकेन । छोरीले पनि चिनी । उसले छोरीसँग कुरा गर्‍यो । सानी छोरीको बारेमा सोध्यो र उनले पढ्ने विद्यालयको ठेगाना माग्यो । उसले आफ्नो प्राणभन्दा प्यारी पूर्व पत्नीका बारेमा पनि सोध्यो । छोरीले काठमाडौंमा दुई ओटा घर र कार भएको दोस्रो बुबा महाजन रहेको र उहाँको अर्को परिवारले पनि उनीहरूलाई माया गर्ने कुरा बताउँदा समृद्ध मनमनै दुःखी भयो । आफूहरू धेरै खुशी र सुखी रहेको कुरा बताई । छोरीका खुशीमा ऊ पनि खुशी त भयो तर उसले आफूसँग गएर छोरीको नागरिकता बनाइदिने कुरा गरेपछि भने ऊ फेरि छाँगाबाट खसे झैं भयो । छोरीले आफ्नो नाम समृद्धि गुरुङ भएको र सबै प्रमाणपत्रमा पनि त्यही भएकाले काठमाडौंबाट नै १६ वर्ष पूरा हुने बित्तिकै गरिकता बनाएको बताई । उसले १२ कक्षा उत्तीर्ण भएपछि विदेश जाने योजना सुनाई र भनी, "बुबा अब हामीलाई बिर्सनुहोस् । हामी अर्को बुबासँग नै खुशी छौं । हामीले पाएको सुखसुविधा तपाईं हामीलाई दिन सक्नुहुन्न र मलाई विदेश जानका लागि लगानी गरिदिने तपाईंको हैसियत छैन । त्यसैले हामीलाई बिर्सनुहोस् बुबा । माया नै सबै कुरा होइन बुबा र यसमा रुमल्लिएर सुखी जीवन जिउन सकिँदैन । तपाईंले बिहे गरिसक्नुभयो होला ? आफ्नो परिवारसँग हाँसीखुशी बस्नुहोस् बुबा । अब हामी बच्चा होइनौं । हाम्रा पखेटा लागिसकेका छन् । हामी उडेर जहाँ पनि जान सक्ने भएका छौं । आर्थिक रूपमा पनि समस्या छैन । त्यसैले बुबा सानी बहिनीलाई र मलाई अब उपरान्त भेट्ने कोशिश नगरिदिनुहोला । यसैलाई म मेरो जन्मदिने बुबाको माया सम्झिनेछु ।" यत्ति भनेर समृद्धि सरासर कक्षाकोठातिर गई । समृद्ध कलेजको प्राङ्गणमा घोप्टो परेर रुन थाल्यो । रोइरह्यो...रोइरह्यो... । सन्तानको मायामा आँखाबाट वर्षाको झरी झैं बर्साइरह्यो...।

*-साहित्यपोस्ट डटकम*

## सामान्य ज्ञान

१. नेपालमा कानुन दिवस कहिले मनाइन्छ ?
**उत्तरः** बैशाख २६

२. नेपालमा क्षेतिपूर्ति सहितको नागरिक वडापत्र कहिलेदखि लागू भएको हो ?
**उत्तरः** वि.सं. २०७० बैशाख २ गते

३. अन्तरिक्षमा पुग्ने पहिलो व्यक्ति को हुन् ?
**उत्तरः** युरी गगरिन (रुस), सन् १९६१

४. पृथ्वीबाट अन्तरिक्षमा पठाएको पहिलो प्राणी कुन हो ?
**उत्तरः** लाइका नामक कुकुर (सन् १९५७)

५. चन्द्रमामा सर्वप्रथम पाइला राख्ने व्यक्ति को हुन् ?
**उत्तरः** अमेरिकाका निल आर्मस्ट्रङ (सन् १९६९)

६. न्युक्लियर्स सप्लायर्स ग्रुप (एनएलजी) को स्थापना कहिले भएको हो ?
**उत्तरः** सन् १९७४ मे

७. २०७४ सालमा प्रदान गरिने युगकवि सिद्धिचरण पुरस्कारबाट सम्मानित हुने स्रष्टा को हुन् ?
**उत्तरः** प्रा. डा. बासुदेव त्रिपाठी

८. राणाकालीन समयमा नेपालमा कति जना प्रधानमन्त्री भएका थिए ?
**उत्तरः** १० जना

९. ४०० नेपालको पहिलो उद्योगका रुपमा विराटनगर जुटमिलको स्थापना कहिले भएको हो ?
**उत्तरः** वि.सं. १९९३

१०. एक लाख युरो राशिको रिक्स रिडक्सन अवार्ड पाउने नेपाली संस्था कुन हो ?
**उत्तरः** नेपाल नर्सिङ सै

१२. नेपालको कुन ठाउँमा शङख स्तम्भ निर्माण गरिएको छ ?
**उत्तरः** झापा (मेचीनगर- १० धुलाबारी), २७ फिट अग्लो

१३. कुन केन्द्रीय निकायमा सार्वजनिक निजी साझेदारी केन्द्र स्थापना गरिएको छ ?
**उत्तरः** विग ब्रदर

१४. "खोल्साको सुन" पनि भनेर चिनिने नगदे बाली कुन हो ?
**उत्तरः** अँलैची

१५. जलवायु परिवर्तनसम्वन्धी पेरिस सम्झौता (सन् २०१५ डिसेम्वर १२) लाई नेपालले कहिले अनुमोदन गरेको छ ?
**उत्तरः** सन् २०१६ अक्टोवर ४

१६. यन्त्रमानव वा रोबोटको प्रयोग सम्वन्धी बौद्धिकतालाई के नाम दिइएको छ ?
**उत्तरः** आर्टिफिसियल इन्टेलिजेन्स

*-साभार : प्रशासन डटकम*


## तानसेन नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
### तानसेन, पाल्पा
### लुम्बिनी प्रदेश, नेपाल

## तानसेन नगरपालिकाको रिडिधाम माघेसंक्रान्ती मेला सञ्चालन तथा व्यवस्थापन र श्रीनगर सांस्कृतिक डबली सञ्चालन सम्बन्धी सिलवन्दी बोलपत्र आह्वानको सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८१/०८/०६**

तानसेन नगरपालिका आन्तरिक आय संकलन तथा आय (ठेक्का बन्दोबस्त) सम्बन्धी कार्यविधि, २०८० को परिच्छेद २ दफा ३ र ४ बमोजिम तानसेन नगरपालिका वडा नं. १४ मा रहेको रिडिधाम माघेसंक्रान्ती मेला सञ्चालन तथा व्यवस्थापन र चालु आ.व. २०८१/०८२ को बाँकी अवधिको लागि श्रीनगर सांस्कृतिक डबली सञ्चालनको लागि ३० दिनको म्याद राखी यो बोलपत्र आह्वानको सूचना प्रकाशित गरिएको छ । योग्य, ईच्छूक संस्था/फर्म/कम्पनीले निर्धारित समय भित्र बोलपत्र पेश गर्नु हुन अनुरोध छ ।

१. बोलपत्र खरिद गर्न चाहने फर्म/कम्पनीले तानसेन नगरकार्यपालिकाको कार्यालयबाट पछि फिर्ता नहुने गरी तोकिएका दस्तुर तिरी बोलपत्र फारम खरिद गर्न सकिने छ ।

**२. बोलपत्र फारम खरिद गर्ने मिति :** सूचना प्रकाशित भएको मितिले ३० औं दिनको कार्यालय समय भित्र ।

**३. सिलवन्दी बोलपत्र/दरभाउपत्र दाखिल गर्ने मिति :** आ.व. २०८१/०८२ सम्मका लागि नवीकरण भएको फर्म/कम्पनीको ईजाजतपत्र, मुल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र, २०८०/०८१ सम्मको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी साथै खरीद भएको बोलपत्र साथ संलग्न गरी सूचना प्रकाशन भएको मितिले ३१ औं दिनको १२ बजे सम्म । उक्त दिन सार्वजनिक बिदा परेमा सोको भोली पल्ट सोही समय भित्र रितपूर्वक पेश गर्नुपर्ने छ ।

**४.बोलपत्र खोल्ने समय :** सूचना प्रकाशित भएको मितिले ३१ औं दिनको २ बजे । बोलपत्र दाता उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

५. प्राप्त सिलवन्दी बोलपत्र स्वीकृत गर्ने/नगर्ने सम्पुर्ण अधिकार तानसेन नगरपालिकामा सूरक्षित रहने छ ।

६.बोलपत्र स्वीकृत भएमा पट्टा लिनु अगावै ठेक/कवोल अकंको **५०%** रकम अग्रीम बुझाउनु पर्ने छ र बाकी **५०%** रकमको लागि नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त वाणिज्य बैंकबाट जारी मिति २०८२ साल असार मसान्तसम्म म्याद भएको बैंक ग्यारेण्टी पेश गर्नुपर्ने छ ।

७. बोलपत्र स्विकृत भई सम्झौता भए पश्चात चलन चल्ती गर्ने जिम्मा बोलपत्र दाताको हुने छ ।

८. ठेक्का स्वीकृत भई भोगचलन गरेपछि कुनै किसिमको मिनाहा छुट दिइने छैन ।

९. ठेक्का अवधि (रिडि धाम माघे सक्रान्ती मेलाको लागि २०८१ माघ ५ गते सम्म) र श्रीनगर सांस्कृतिक डबली सञ्चालनको लागि कार्यादेश पाएको मिति देखि २०८२ साल असार मसान्त सम्मको लागि मात्र हुने छ ।

१०. ठेक्का स्वीकृत भएका ठेकेदारले ठेक्का संझौता गर्नु अगावै पेश गर्नु पर्ने बैंक ग्यारेण्टी वा अन्य कागजातहरु तोकिएको समय भित्र पेश नगरेमा निजको नामको ठेक्का तोडी क्रमशः दोश्रो, तेश्रो क्रमका बोलपत्रदातालाई ठेक्का सम्झौता गराईने छ ।

११. ठेक्का अंक रकम एकमुष्ट अग्रिम बुझाएमा **५%** छूट दिईने छ तर सो छूट दिदा ठेक्का अंकको न्युनतम रकम भन्दा कम हुने गरि घटाईने छैन ।

१२. बोलपत्र दाखिला गर्दा कवोल गरेको अंकको **५%** ले हुन आउने रकम धरौठी वापत यस तानसेन नगरपालिकाको राष्ट्रिय वाणिज्य बैंक पाल्पा शाखामा रहेको धरौटी खाता नं. **३०३०१००३०३००००४** मा जम्मा गरेको सक्कलै बैंक भौचर पेश गर्नुपर्ने छ ।

१३. विस्तृत जानकारीको लागि कार्यालय समय भित्र तानसेन नगरपालिका नगरकार्यपालिकाको राजस्व शाखामा सम्पर्क राख्न सकिने छ ।

**दरभाउपत्र विवरण**

| ठेक्का नं. | कामको विवरण | न्युनतम ठेक अंक रु. | दरभाउपत्र दस्तुर | कैफियत |
|---|---|---|---|---|
| ०२/०८१/०८२ | रिडीधाम माघेसंक्रान्ती मेला सञ्चालन तथा व्यवस्थापन | १०,००,०००। | रु. १०००।०० | बोलपत्र |
| ०३/०८१/०८२ | श्रीनगर सांस्कृतिक डबली सञ्चालन | २,५०,०००। | रु. १०००।०० | बोलपत्र |

*तानसेन नगरपालिका कार्यालय*

# आज विश्व टेलिभिजन दिवस मनाइँदै



**पाल्पा,** मंसिर ५/आज 'विश्व टेलिभिजन दिवस' विश्वभर मनाइँदै छ । सन् १९९६ डिसेम्बर १७ मा बसेको संयुक्त राष्ट्रसंघको महासभाले हरेक वर्ष नोभेम्बर २१ मा विश्वभर टेलिभिजन दिवस मनाउने निर्णय गरेअनुसार यो दिवस मनाउन थालिएको हो ।

विश्व जगतमा रेडियोको माध्यमबाट सूचना प्रवाह भइरहेको समयमा फरक रुपमा प्रस्तुत हुँदै श्रव्य र दृश्यको माध्यमबाट स्थापित भएको प्रविधि मानिन्छ टेलिभिजन । सन् १९३० को दशकमा प्रसारण शुरु भएको टेलिभिजन प्रविधिलाई अहिले सबैभन्दा सशक्त सञ्चारको माध्यमका रुपमा लिइन्छ । श्रव्यसँग सँगै दृश्यको माध्यमबाट यथार्थ रुपमा प्रस्तुत गर्न टेलिभिजन सफल भएसँगै छोटो समयमा ख्याती कमाउन सफल भएको मानिन्छ । टेलिभिजनको इतिहासमा सन् १९३६ नोभेम्बर २ देखि बीबीसीले नियमित प्रशारण गरेको पाइन्छ । सन् १९७० को दशकमा विश्वका ६० वटा मुलुकमा टेलिभिजनको प्रत्यक्ष सेवा विस्तार भयो । नेपालमा भने सन् १९७० ताका टेलिभिजनका सेटहरु भित्रिएको पाइन्छ विश्व जगतमा भन्दा निकै ढिला गरी नेपालमा सुरु भएको टेलिभिजन अहिले हरेक समूदायमा लोकप्रिय सञ्चार माध्यमका रुपमा परिचित छ । २०४१ साल माघ १७ गते नेपाल टेलिभिजन स्थापना भएको हो । 'सन् १९३० को दशकमा प्रसारण सुरु भएको टेलिभिजन प्रविधि यतिबेला सशक्त सञ्चारमाध्यमका रुपमा विकास भएको छ । सन् १८८८ अक्टुबर १३ का दिन हेलन्सवर्गमा जन्मिएका जन लागी बयर्डले १९२५ मा लण्डनमा टेलिभिजनको आविष्कार गरेका हुन् । आर्थिक तथा सामाजिक विषयवस्तुलाई उठान गर्नसक्ने माध्यमका रुपमा टेलिभिजनलाई स्वीकार गरिएको छ । टेलिभिजनको इतिहासमा सन् १९३६ नोभेम्बर २ देखि बीबीसीले नियमित प्रसारण गरेको पाईन्छ । टेलिभिजन च्यानलहरुको स्थापनको संख्या मात्र होईन पछिल्लो समय सर्वसाधारणमा विश्वास समेत बढ्दै गएको छ । सन् १९५४ देखि रंगीन टेलिभिजनको विकास भई रंगीन दृश्य हेर्न सकिने अवस्था आएको थियो । नेपालमा भने सन् १९७० को दशकमा टेलिभिजनका सेटहरु भित्रिएको पाइन्छ ।

# एउटै व्यक्तिले फलाए...

...'पहाडमा सधैं तराईबाट चामल आउने भएकाले त्यसलाई रोक्न पनि गाउँमै मिलको स्थापना गरी चामललाई बिक्री गर्ने योजना छ', उनले भने, 'मिलका लागि राज्यले सहयोग गरे त धेरै सहज हुने थियो ।' धान खेतीका साथै उनले व्यावसायिक भैंसीपालन पनि गरेका छन् । उनीसँग अहिले २१ वटा माउ भैंसी, एउटा ठूलो राँगो र १४ वटा पाडापाडी छन् । उत्पादन भएको धानबाट चामललाई ब्रान्डिङ गरी बिक्री गर्ने र भुस भैंसीको आहारका रूपमा प्रयोग गर्ने योजना बनाइरहेको अर्याललले बताए । धान काटेलगत्तै उनले उक्त जग्गामा मकैखेती, घाँस वा अन्य तरकारी लगाउने सुनाए ।

धुर्कोट गाउँपालिकाका अध्यक्ष भुपाल पोखरेलले एउटै किसानले यति धेरै परिमाणमा धान उत्पादन गर्नुले गरे के हुँदैन भनेर अरुलाई पनि राम्रो सन्देश दिएको बताए । यस्ता किसानलाई प्रोत्साहनका लागि पालिकाले आवश्यक सहयोग गर्ने उनको प्रतिबद्धता छ । 'मेघनाथले मिल स्थापनाका लागि सहयोग पाए हुन्थ्यो भन्ने गरेको सुनेका छौं । यसमा लागत साझेदारी गर्न पालिका तयार छ । धुर्कोटमै चामलको मिल स्थापना हुने विषय पालिकाको लागि गौरवको विषय हो नि', अध्यक्ष पोखरेलले भने । कृषि ज्ञान केन्द्रका प्रमुख नवराज भण्डारीले गुल्मीमा उत्पादित चामललाई 'ब्रान्डिङ' गर्नुपर्ने बताए । गुल्मी जिल्लाभर यसवर्ष सात हजार हेक्टरमा बर्खे धान लगाएकामा २१ हजार मेक्ट्रिक टन उत्पादन भएको उनले जानकारी दिए । **-रासस**


## भाखा नाघेका ऋणीहरुमा कर्जा चुक्ता गर्न आउने बारे अत्यन्त जरुरी सूचना

**सूचना प्रकाशित मिति : २०८१/०८/०६**

यस पाल्पा जिल्ला तानसेन नगरपालिका वडा न.३ स्थित **मणिमुकन्द बचत तथा ऋण सहकारी संस्था लि.** बाट तपसिलमा उल्लेखित तपाई ऋणी सदस्यले लिनु भएको ऋणको साँवा, व्याज र अन्य द-दस्तुर समेत यस संस्थासँगको शर्त कवुलियत बमोजिम समय समयमा तिर्न बुझाउनुपर्नेमा सो नतिरि नबुझाई सो सम्बन्धमा पटक-पटक फोन तथा पत्राचार मार्फत ताकेता गर्दा समेत चुक्ता गर्न तर्फ कुनै चासो नदेखाई वेवास्ता गरी बसेको हुँदा उक्त ऋणको साँवा व्याज र अन्य रकम समेत संस्थालाई नतिरि नबुझाई ऋण सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले ऋणी सदस्यहरुको विवरण सहित ऋण चुक्ता गर्नको लागि यो ७ दिने सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्रमा यस संस्थामा सम्पर्क राखि संस्थाबाट लिएको ऋणको सम्पूर्ण साँवा, व्याज र अन्य दै-दस्तुर चुक्ता नगरेमा धितो सुरक्षण वापत रहेको चल अचल सम्पत्ति सहकारी ऐन २०७४ को दफा ७९ उपदफा १, सहकारी नियमावली २०७५ को नियम २५ तथा यस संस्थाको विनियम २६ नम्बर बमोजिम लिलाम विक्री गरी संस्थाले आफ्नो सम्पूर्ण लेना रकम असुल उपर गरी लिने व्यहोरा अवगत गराउँदछौं ।

तपसिल:

| नाम थर | ठेगाना | पति/बुवाको नाम | बजे /ससुराको नाम |
|---|---|---|---|
| अर्पणा श्रेष्ठ | तानसेन वडा न.३ | सुजन श्रेष्ठ | मोहन श्रेष्ठ |
| कमला देवि गैरे | मैनादी वडा न.९ | जयलाल गैरे | जोखनारायण |
| उदय राज भण्डारी | तानसेन न.पा. वडा न.११ | ईश्वरी प्रसाद भण्डारी | शिवलाल भण्डारी |
| घनश्याम भण्डारी | तानसेन न.पा. वडा न.११ | ईश्वरी प्रसाद भण्डारी | शिवलाल भण्डारी |
| मदन राज पाण्डे | चिर्तुङधारा न.पा. वडा न.९ | लीलाकान्त पाण्डे | टिकाराम पाण्डे |
| कर्ण बहादुर वि.क. | तानसेन न.पा. वडा न.९ | धन बहादुर वि.क. | नर बहादुर |
| देविकला सुनार | रामपुर न.पा. वडा न.१४ | सन्दिप सुनार | राम सुनार |
| कुल बहादुर रावल | तानसेन न.पा.वडा न.१३ | नारायण बहादुर | विष्णु सिंह |

**श्री मणिमुकुन्द बचत तथा ऋण सहकारी संस्था लि.**
**तानसेन-३, पाल्पा**
**सम्पर्क नम्बर : ०७५-५२०७९४ र ०७५-५२२५४५**


## खेलकुद समाचार

# अर्जेन्टिना विश्वकपमा छनोट



**काठमाडौं,** मंसिर ५/अर्जेन्टिना फिफा विश्वकप सन् २०२६ का लागि छनोट भएको छ । बुधबार बिहान घरेलु मैदान ब्यूनर्स आयर्समा भएको छनोट खेलमा पेरुलाई एक गोलले हराउँदै अर्जेन्टिनाले सन् २०२६ को विश्वकपमा स्थान पक्का गरेको हो ।

लिओनल मेस्सीको कप्तानीमा रहेको साविक विजेता टोली अर्जेन्टिनाको १२ खेलमा २५ अङ्क भएको छ । दक्षिण अमेरिकाबाट विश्वकपमा ६ देशले स्थान बनाउने छन् । त्यसअनुसार अर्जेन्टिना कम्तीमा छैटौं स्थानका लागि सुरक्षित भएको छ । घरेलु मैदानमा उसका लौटरो मार्टिनेजले खेलको ५५ औं मिनेटमा गरेको गोल नै निर्णायक भयो । यस्तै चीनलाई हराउँदै जापान विश्वकप छनोट नजिक पुगेको छ । एशियाली छनोट अर्न्तगत चीनको सिमेनमा भएको खेलमा जापानले चीनलाई ३-१ गोलले हरायो ।

जापान समूह 'सी' मा छ खेलमा १६ अङ्कका साथ पहिलो स्थानमा छ ।समूह 'सी' को इन्डोनेसियाले साउदीलाई २-० गोलले हरायो । यस्तै इरानले किर्गिस्तानलाई ३-२ गोलले हराएको छ । इरान समूह 'ए' मा छ खेलमा १६ अङ्कसहित शीर्षमा स्थानमा छ । समूह 'बी' मा शीर्ष टोली दक्षिण कोरियाको छ खेलबाट १४ अङ्क छ । दक्षिण कोरियाले प्यालेस्टाइनसँग १-१ को बराबरी खेलेको छ ।


वर्गिकृत डिस्प्ले
१X५ साइजमा मात्र
वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।
सम्पर्कः ०७५-५२०६०१


## अर्थ/कर्पोरेट समाचार

# नेप्से परिसूचक नौं अङ्कले वृद्धि



**पाल्पा,** मंसिर ५/नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक मंगलबार सामान्य अंकले बढेको छ । नेप्से नौ दशमलव ०९ अंकले वृद्धि भएको हो ।

नेप्से बढेर दुई हजार सात सय ११ दशमलव ७५ बिन्दुमा कायम भएको छ । सोही दिन तीन सय २३ कम्पनीको एक करोड ५४ लाख ६४ हजार पाँच सय ५२ कित्ता शेयर ७४ हजार तीन सय तीन पटक खरिदबिक्री हुँदा सात अर्ब नौ करोड २८ लाख ७९ हजार नौ सय ४६ बराबरको कारोबार भएको छ । बैंकिङ समूह शून्य दशमलव २६, जीवन बिमा शून्य दशमलव १८, निर्जीवन बिमा शून्य दशमलव २१ र अन्य समूह शून्य दशमलव ०७ प्रतिशतले घटेको छ भने अरु सबै समूहको उपसूचक बढेको छ । सबैभन्दा धेरै विकास बैंक समूह तीन दशमलव ३८ प्रतिशतले बढेको छ । वित्त एक दशमलव ६६, होटल तथा पर्यटन शून्य दशमलव ४५, जलविद्युत् एक दशमलव २८, लगानी शून्य दशमलव २०, लघुवित्त शून्य दशमलव ०७, म्युचुअल फण्ड शून्य दशमलव ३८ र व्यापार समूह शून्य दशमलव २७ प्रतिशतले बढेको छ ।

कर्पोरेट डेभलपमेन्ट बैंक लिमिटेड, सिन्धु विकास बैंक लिमिटेड, नेपाल हाईड्रोडेभलपर्स लिमिटेड, सप्तकोसी डेभलपमेन्ट बैंक लिमिटेड र महिला लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । सोही दिन कारोबारमा गुराँस लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्यमा भने नकारात्मक सर्किट लागेको छ । कारोबार रकमका आधारमा आज सबैभन्दा बढी ङादी ग्रूप पावर लिमिटेडको रु ३२ करोड ८१ लाख ९० हजार दुई सय ५९ बराबरको कारोबार भएको छ ।


## शिक्षक आवश्यकता

**प्रकाशित मिति : २०८१/०८/०५**

प्रस्तुत विषयमा विद्यालय व्यवस्थापन समितिको २००१/०८/०३ को निर्णय तथा शिक्षा विकास तथा समन्वय इकाई पाल्पाको च.न.०५२९ अनुमति अनुसार इच्छुक तथा योग्य नेपाली नागरिकहरुबाट दरखास्त आह्वान गरिएको जानकारी गराइन्छ ।

**तपशिल :**
**विज्ञापन नं. : ०२/०८१/०८२, पद :** शिक्षक, **पद संख्या :** १ जना,
**तह :** प्रा.वि., **श्रेणी :** तृतीय, **नियुक्तीको किसिम :** अस्थायी करार
**शैक्षिक योग्यता :** आइ.एड वा सो सरह
**उमेर :** १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको
**तलब स्केल :** नेपाल सरकारको नियम अनुसार, **दरखास्त दस्तुर :** रु. ५००/-
**फारम बुझाउने अन्तिम मिति :** २०८१/०८/१९ गते (कार्यालय समय भित्र)
**परीक्षाको किसिम :** लिखित, मौखिक तथा प्रयोगात्मक
**सर्म्पक मिति :** २०८१/०८/१९ गते
**परीक्षा मिति :** आवेदन फारम बुझाउने अन्तिम मितिका भोलिपल्ट जानकारी गराइनेछ ।
**आवश्यक कागजातहरू :** शैक्षिक योग्यताको प्रमाणपत्रका प्रतिलिपिहरु, नेपाली नागरिकताको प्रमाणपत्र, अध्यापन अनुमति प्रमाणपत्र र पासपोर्ट साइजको फोटो १/१ प्रति ।
**आवेदनको माध्यम :** प्रत्यक्ष वा विद्यालयको रा.वा.बैंकमा रहेको च.हि.नं. ३०३०१००००३१२५००१ मा जम्मा गरेको सक्कल वा स्क्यान कपि, स्वयम वा विद्यालयका इमेल janapriya47008@gmail.com
नोट : (आवेदन फारम बुझाउने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा भोलि पल्ट आवेदन फारम बुझाउन सकिने छ । साथै करार सूचीमा परेकाहरुलाई प्राथमिकता दिइने छ ।) सम्पर्क नं. प्र.अ. ९८४७४५५१६५, वि.व्य.स. अध्यक्ष ९८४७१२५६४९

**श्री जनप्रिय आधारभूत विद्यालय**
**रैनादेवी छहरा गाउँपालि-३, भुवनपोखरी, पाल्पा**



मनको आवाज............
'नाम पनि यूनिक, काम पनि यूनिक'
यूनिक एफ.एम. ९४.२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१८६४, ५२१८६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com



हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई